मिति : २०७५।०८।२५

समय : विहान : ८:१५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल मंसिर २५ गते मंगलवारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ४९ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | – |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री बिजयराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती काभ्रेपलान्चोक ३ नं प्रदेश नेपाल २०७३

प्रतिलिपी ठिक छ

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत
२०७५।०९।१२

**प्रस्तावहरू**

१. लडकेश्वर जात्राको खर्च सम्बन्धी ।
२. बैकल्पिक सडकको डि.पि.आर. निमार्ण ।
३. प्राविधिक कर्मचारी भर्ना कार्यविधि ।
४. मोती बिन्दु सम्बन्धी कार्यक्रम ।
५. विविध :

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. ११ मा हालै सम्पन्न लड्केश्वर जात्राका लागि सम्बन्धित खर्च शिर्षकबाट रू. ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा बैकल्पिक सडक (पुण्यमाता कोरिडोर) निर्माणका लागि आवश्यक डि.पि.आर. बनाउने निर्णय गरियो ।

३. क) प्रस्ताव नं. ३ उपर छलफल गर्दा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, ०७४ मन्त्रालयबाट नमूना प्राप्त भएकोमा उक्त कार्यविधि, २०७४ उपर विधायन समितिबाट आवश्यक छलफल भई सिफारिश भई आएकोमा उक्त कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

ख) स्वीकृत कार्यविधिको अधिनमा रहि यस नगरपालिकाको तत्कालका लागि आबश्यक देहाय बमोजिमको प्राविधिक जनशक्ति करारमा पूर्ति गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| इन्जिनीयर, सिभिल | २ |
| सव- इन्जिनीयर, सिभिल | ३ |
| कम्प्यूटर अपरेटर, सहायक स्तर चौथो | १२ |

उल्लेखित जनशक्ति मध्ये इन्जिनीयर र सव-इन्जिनीयरलाई आयोजना ब्यवस्थापन खर्च शिर्षकबाट ब्यवस्थापन गर्ने र कम्प्यूटर अपरेटर स्वीकृत स्थायी रिक्त दरवन्दी मध्येबाटै पूर्ती गर्ने ।

निर्णय प्रतिलिपि उतार
२०७५।०८।१२
प्रमुख प्रशासकीय अधिकृत

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा रेयुकाई एईको मासुनागा आँखा अस्पताल बनेपासंगको प्राविधिक सहयोग र स्थानीय संघ संस्थासंगको सहकार्यमा यस नगरपालिका क्षेत्रभित्रका मोतिया विन्दु भएका नगरवासीहरूको लागि आँखा शिविर एवं अप्रेशन कार्यको आवश्यक ब्यवस्थापन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको वडा नं. १२ को वडा कार्यालयको नेपाल बैंक स्थित खाता वडा सचिव एकनाथ नेपाल र उमा तामाङ्गबाट संचालन हुने ब्यवस्था भएकोमा वडा सचिव एकनाथ नेपालको सट्टा खरिदार राजेन्द्र थापाको दस्तखतबाट संचालन हुने गरी ब्यवस्था मिलउने निर्णय गरियो ।